आर्थिक ऐन,२०७५ माथिको संशोधन विधेयक

१. ऐनको अनुसूचि १ को दफा ४ खारेज गरिएको छ र ४ को सट्टा देहाय अनुसारको दफा ४ कायम गर्ने ।

मिति २०७५ असार मसान्तसम्मको घरजग्गा कर बुझाउन बाँकी रहेका करदाताले मिति २०७५ फाल्गुन मसान्तसम्ममा कर भुक्तानी गरेमा लाग्ने जरीवानामा ५० प्रतिशत छुट दिईने छ । सो मिति भित्रसम्म पनि कर नबुझाएमा घरजग्गा कर ऐन,२०१९ को दफा ८ बमोजिमको प्रकृया अपनाई सरकारी बाँकी सरह असुल उपर गरिनेछ

२.ऐनको अनुसूचि ४ बार्षिक व्यवसाय कर ०७५/७६ को (अ) मा रहेको व्यवस्था खारेज गरी देहाय अनुसार कायम गर्ने ।

क) देहायका ठूला उधोगहरूलाई रू ५००००। (अक्षरेपी पाँच लाख) व्यवसाय कर लिईने छ ।

- आरति स्ट्रीप्स प्रा.लि.वडा नं.१
- युनाईटेड स्प्रीट(नेपाल लिकर्स) वडा नं.२
- हुलास वायर्स ईन्डष्ट्रिज प्रा.लि वडा नं.३
- कमला आईरन वडा नं.३
- प्रिमियर वायर्स वडा नं.३
- पायोनियर वायर्स वडा नं.३
- अल्ट्राटेक सिमेन्ट (बन्धन) वडा नं.५
- स्वस्तीक आयल वडा नं.५

ख) मझौला उधोगहरूलाई रू १६०००। (अक्षरेपी एकलाख साठी हजार) व्यवसाय कर लिईने छ ।

ग) साना उधोगहरूलाई रू ५०००। (अक्षरेपी पचास हजार) व्यवसाय कर लिईने छ ।

घ) घरेलु उधोगहरूलाई रू ५०००। (अक्षरेपी पांच हजार) व्यवसाय कर लिईने छ ।

ङ) कुटीर उधोगलाई सूचिकरण शुल्क रू ५००। (अक्षरेपी पांच सय) लिईने छ ।

नोट:

- २५ हर्स पावर भन्दा माथिका मेसिन प्रयोग गरी संचालन हुने घरेलु उधोग समेत साना उधोग मानिने छ ।
- २५ हर्स पावर भन्दा मुनिका मेसिन तथा उपकरण प्रयोग हुने घरेलु उधोग मानिने छ ।
- माथि उल्लेखित व्यवस्था अनुसार मदिराजन्य उधोगलाई थप २५ प्रतिशत शुल्क लाग्नेछ ।
- एउटै परिसर भित्र फरक नाम,अस्तित्व तथा कारोवार गर्ने गरी संचालनमा रहेका उधोगहरूलाई फरक उधोग मानि व्यवसाय कर लिईनेछ ।

३. ऐनको अनुसूचि ४ बार्षिक व्यवसाय कर ०७५/७६ को १ मा रहेको व्यवस्था खारेज गरी देहाय अनुसार १ र २ कायम गर्ने ।

१) यो संशोधन लागु भएको १ महिना भित्र व्यवसाय कर भुक्तानी गर्न आउने उधोगहरूलाई लाग्ने व्यवसाय करमा ७ प्रतिसत छुट दिईनेछ ।

२)आर्थिक बर्षको अन्त्य सम्ममा पनि व्यवसाय कर भुक्तानी नगरेमा बार्षिक थप २५ प्रतिसत जरिवान लिईनेछ ।

हालचन्द साभी

४. अनुसूचि ५ को जडिबुटी ,कवाडी र जीव जन्तु कर भन्नेमा जडिबुटी ,कवाडी र जीव जन्तु शुल्क कायम गर्ने ।

५. अनुसूचि ६ मा सवारी दस्तुर भनिएकोमा पूर्वाधार निर्माण शुल्क र पटके सवारी दस्तुर भनिएकोमा सडक मर्मत शुल्क भनि संशोधन गर्ने ।

६. अनुसूचि ६ को क्रम संख्या ५ मा रहेको व्यवस्था खारेज गरि देहाय अनुसारको क्रमसंख्या ५ कायम गर्ने ।

५) माईक्रो भ्यान र ट्याक्टर रू ३०।

७. अनुसूचि ६क थप गरि विदेशी सवारी साधनमा देहाय अनुसारको सरसफाई तथा पार्किङ शुल्क लिने ।

- भारी सवारी ट्रक,बस,लहरी आदीमा रू २५० । (मु.अ.कर बाहेक)
- हल्का चारचक्के सवारी साधनमा रू १५० । (मु.अ.कर बाहेक)

८. अनुसूचि १० (२) को सिफारिस तथा नाता प्रमाणित दस्तुरको २८ नं.मा रहेको मेला सर्कस अनुमति सिफारिस रू ३०००। कायम भएकोमा रू २५०००। भनि संशोधन गर्ने र ३० नं. पछि ३०(क) थप गरि देहाय अनुसार कायम गर्ने ।

- घरेलु उधोग सर्जमिन र सिफारिस रू ५०००। (२५ हर्स पावर भन्दा कममा मेसिन प्रयोग हुने)

९. अनुसूचि १० (२) को सिफारिस तथा नाता प्रमाणित दस्तुरको ३१ नं.मा रहेको कृषि तथा पशुजन्य घरेलु उधोग सर्जमिन र सिफारिस रू १५०० रहेकोमा रू ५०० भनि संशोधन गर्ने र ३२ नं.मा रहेको साना उधोगको सर्जमिन सिफारिस रू १०००। रहेकोमा रू १००००। (अक्षरेपी दश हजार) कायम गर्ने ।

मिति २०७५ माघ २५ गतेको गाउँसभाबाट पारित भए अनुसार प्रमाणीकरण गर्दछु

बालचन्द्र माझी
अध्यक्ष
मिति २०७५ माघ २९ गते मंगलबार

बालचन्द्र माझी
अध्यक्ष